आकाशवाणी

**Governor – Dzumsa**

मंगन जिल्लाको तीन दिवसीय भ्रमणमा रहनुभएका राज्यपाल श्री ओमप्रकाश माथुरले हिजो साँझ लाचुङ जुम्साका पिपोन श्री दोर्जी छेवाङ लाचुङ्पा र अन्य सदस्यहरूसित लाचुङमा कुराकानी गर्नुभयो। यस अवसरमा सीमा सडक संगठनका अधिकारीहरूको पनि उपस्थिति रहेको थियो। भेटका क्रममा जुम्साका सदस्यहरूले स्थानीय बासिन्दाले भोग्नुपरेका विभिन्न चुनौती र समस्या विषय राज्यपाललाई अवगत गराएका थिए। उनीहरूले राष्ट्रिय राजमार्ग 10, टुङ र नागा राजमार्गको जीर्णोद्धार, पर्यटन व्यवसायमा भइरहेको नोक्सनी अनि पुनर्निर्माण कार्यलाई तीव्रता दिनु पर्ने विषय राज्यपालसमक्ष उठान गर्दै सहयोगका लागि आग्रह गरेका थिए। यस अवसरमा राज्यपालले क्षेत्रको समग्र विकासका लागि भइरहेका पूर्वाधार निर्माणका पहलहरूको समीक्षा गर्नका साथै वस्तुस्थितिको जानकारी लिनुभएको थियो।

**CM -AIFF President**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज अखिल भारतीय फुटबल महासंघ AIFF का अध्यक्ष श्री कल्याण चौबेसँग कोलकातामा भेट गरी राज्यमा फूटबलको विकास विषयमा कुराकानी गर्नुभयो। वार्तामा सिक्किमका फुटबल प्रतिभाहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्ने उद्देश्यले विभिन्न पहलहरूबारे छलफल भएको थियो। भेटमा मुख्यमन्त्रीले यस क्षेत्रमा क्लब संस्कृतिको विकास सँगसँगै तृणमूल स्तरमा फुटबललाई प्रोत्साहित गरी युवा प्रतिभालाई समुचित वातावरण र अवसर दिनुपर्ने आवश्यकतामाथि जोड दिनुभएको थियो। श्री चौबेले फुटबलको विकासमा राज्यले गरेका प्रयासहरूको प्रशंसा गर्नका साथै फुटबलको विकासका लागि महासंघले पूर्ण सहयोग गर्ने आश्वासन दिनुभएको छ।

**Sonam Lama-Darjeeling monasteries**

राज्यका धर्म मामिला मन्त्री श्री सोनाम लामाले दार्जिलिङको गिङ अनि भोटिया बस्ती गुम्पाको भ्रमण गर्नुभयो। यी दुवै बौद्ध मठ सिक्किमको अधिनमा रहेका छन्। मन्त्रीले मठहरूको स्थिति, प्रगति, समस्या र चुनौतीबारे समिक्षा गर्नुभएको थियो। दुवै गुम्बाका दुछी समितिले गुम्पाको जमीनको संरक्षण अनि बाह्य अतिक्रमण रोक्न फेन्सिङ लगाउन आवश्यक रहेको अवगत गराएका थिए। भोटिया बस्ती दुछी सदस्यहरूले सन् 1999 देखि कतिपय समुहले गुम्पाको जमीन अतिक्रमण गरेर धारा ३७१ एफ उल्लङ्घन गरेको मन्त्रीलाई अवगत गराएका थिए। श्री लामाले स्थितिलाई गम्भीरतासित लिँदै समस्या समाधानका लागि न्यायिक प्रक्रिया अपनाउन निर्देश दिनुभयो। यसका लागि सिक्किम सरकारले पूर्ण सहयोग गर्ने उहाँले आश्वासन दिनुभयो। यस अवसरमा मन्त्री श्री लामाले गुम्पाको विकासका लागि पूर्ण सहयोग गर्ने आश्वासन पनि दिनुभयो।

**PM Viswakarma Scheme- Trade Fair**

भारत सरकारको सुक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालय MSME को क्षेत्रीय कार्यालय गान्तोकले राज्यको वाणिज्य तथा उद्योग विभागसित मिलेर आउँदो 25 सितम्बरदेखि 27 सितम्बरसम्म गान्तोकमा तीन दिवसीय प्रदर्शनी एवम् व्यापार मेलाको आयोजना गरेको छ। यो प्रदर्शनी एवम् व्यापार मेला प्रधानमन्त्री विश्वकर्मा योजना अन्तर्गत स्थानीय शिल्पकारहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले गरिएको हो। 25 सितम्बरको दिन चिन्तन भवनमा मेलाको उद्घाटन भएपछि एमजी मार्गमा राज्यका शिल्पकारहरूले विभिन्न प्रदर्शनी एवम् बिक्री स्टलहरू सञ्चालन गर्नेछन्। प्रदर्शनीमा स्थानीय शिल्पकारहरूलाई पीएम विश्वकर्मा योजनाका विषयमा जानकारी उपलब्ध गराइनेछ।

**Inter-School Painting Competition**

नाम्ची जिल्लाका दामथाङ र मामले ग्राम पञ्चायतले आज स्वच्छता ही सेवा पहल अन्तर्गत दामथाङ माध्यमिक विद्यालय, रोङ माध्यमिक विद्यालय अनि माम्ले निम्न माध्यमिक विद्यालयमा अन्तर विद्यालय चित्रकला प्रतियोगिताको आयोजना गरे। क्षेत्रका विभिन्न विद्यालयले सहभागिता जनाएको चित्रकला प्रतियोगिताको विषय **पर्यावरण संरक्षण** अनि **स्वच्छ र हरित पृथ्वी** रहेको थियो। यसका अतिरिक्त पुञ्जीटार वार्डमा व्यापक सफाई अभियान सञ्चालन गरिएको थियो, जसमा जिल्ला तथा ग्राम पञ्चायतका सदस्य, शिक्षक शिक्षिका, प्रगति संघ, स्थानीय कर्मचारी, स्वयम् सहायता संघका सदस्य, विद्यार्थी तथा स्थानीय मानिसहरूले सहभागिता जनाएका थिए।

**SC-POCSO**

सर्वोच्च न्यायालयले भनेको छ, बालकबालिकासित सम्बन्धित अश्लील भिडियो हेर्नु पोक्सो अधिनियमको उल्लंघन हो। शीर्ष न्यायालयले देशभरिका सबै न्यायालयसित भनेको छ, कुनै पनि न्यायिक आदेश अथवा फैसलामा चाइल्ड पोर्नोग्राफी शब्दको प्रयोग गरिनु हुँदैन। यसको साटो न्यायालयहरूले **बाल यौन शोषण अनि दुर्व्यवहार सामग्री** शब्दवालीको प्रयोग गर्नु पर्नेछ। आज मद्रास उच्च न्यायालयको एउटा फैसलालाई रद्द गर्दै सर्वोच्च न्यायालयले यस्तो निर्देश दिएको हो।